# ८७ औ सचिव बैठकमा निर्णयहरुः-

१. प्रदेश सरकारको आ.व २०७७।७८ को नीति तथा कार्यक्रम र बजेटमा उल्लेख भएका मन्त्रालयहरुसँग सम्बन्धित कार्यक्रमहरु थप सक्रियताका साथ कार्यान्वयन गर्ने र तोकिएको लक्ष हाँसिल गर्ने।

२. सबै मन्त्रालयहरुले तोकिएकै समयभित्रै मन्त्रालयस्तरीय विकास समस्या समधान समिति (MDAC) को बैठक सम्पन्न गरी प्रदेश विकास समस्या समधान समिति (PDAC) को बैठकको लागि तयारी अवस्थामा रहने।

३. सबै मन्त्रालयहरुले आगामी आ.व २०७७/७८ को प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट तर्जुमा प्रक्रिया प्रारम्भ गर्ने।

४. राप्ती उपत्यका (देउखुरीमा) राजधानी व्यवस्थापन को सन्दर्भमा देहायबमोजिम गर्नेः

  क. प्रदेश सरकार (मन्त्रिपरिषद) बाट राजधानी व्यवस्थापनको सम्बन्धमा भएका निर्णयहरु सम्बन्धित मन्त्रालयहरुले प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।सो को नियमित प्रगति विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने।

  ख. अस्थायी मुकामः बुटवलमा घर भाडामा लिई कार्यालय सञ्चालन गरेका प्रदेशका बाह्रवटै जिल्ला कार्यक्षेत्र भएका कार्यालय/निकायले आ.ब.२०७८/०८९ को श्रावण १ गते देखि बुटवलमा घरभाडामा लिने कार्य रोकी राप्ती उपत्यका (देउखुरी) बाटै कार्यालय सञ्चालन गर्ने गरी आवश्यक व्यवस्था मिलाउने।

५. कोरोना भाइरस (कोभिड-१९) को जोखिम पूर्ण रुपमा हटिनसकेकोले उक्त भाइरसको रोकथाम, नियन्त्रण, उपचार तथा खोप सुविधाको विषयमा हालको अवस्था के छ र आगामी दिनमा के कसरी अगाडि बढ्नु पर्ने हो भन्ने विषयमा सामाजिक विकास मन्त्रालयले आवश्यक काम/कारबाही अगाडि बढाउने।

६. तराईका जिल्लाहरुमा बर्डफ्लुको चुनौती देखापरिरहेको सन्दर्भमा बर्डफ्लु नियन्त्रणको लागि आवश्यक सबै तयारी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले मिलाउने।

७. प्रदेश सरकार अन्तर्गतका मन्त्रालय वा अन्तर्गतका निकायहरुमा आर्थिक अनुशासन, पारदर्शिता, र जवाफदेहीता कायम गर्न सबै मन्त्रालयहरुले बेरुजुको अवस्था पहिचान गरी बेरुजु फछ्र्यौट गर्ने कार्यलाई गम्भिरताका साथ प्राथमिकता दिने।बेरुजु फछ्र्यौटको सम्बन्धमा कुनै संस्थागत संरचना आवश्यक पर्ने भए सो को अध्ययन गरी आर्थिक मामिला तथा योजना मन्त्रालयले पेश गर्ने।

८. प्रदेश स्तरीय प्रज्ञा प्रतिष्ठान स्थापनार्थ आवश्यक कानूनी र संस्थागत संरचनाको लागि आवश्यक प्रक्रिया उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले अगाडि बढाउने।

९. प्रदेश सभाबाट पास भई प्रदेश प्रमुखबाट प्रमाणित भएका ऐनहरु, प्रदेश मन्त्रिपरिषदबाट पारित भएका नियमहरु तथा अन्य कानूनहरुलाई नियमित रुपमा परिमार्जन तथा संसोधन सहित सङग्रहको रुपमा प्रकाशन गर्ने र वेवसाइटमा समेत अपडेट गर्ने व्यवस्था आन्तरिक मामिला तथा कानून मन्त्रालयले मिलाउने।

१०. प्रदेश सरकार अन्तर्गतका जिल्ला स्थित कार्यालयहरुको नियमित अनुगमन गर्ने, निर्देशन दिने, कार्यालय प्रमुखलाई नियमित बैठकमा आमन्त्रित गर्ने तथा सोको नियमित प्रतिवेदन प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पेश गर्ने गरी आन्तरिक मामिला तथा कानून मन्त्रालयले प्रदेश भित्रमा सबै जिल्ला प्रशासन कार्यालयहरुलाई निर्देशन दिने।

११. लुम्बिनी प्रदेश सरकारले सञ्चालन गर्न लागेको लगानी सम्मेलनका लागि सबै मन्त्रालयहरुले आफ्नो कार्यक्षेत्र संग सम्बन्धित क्रियाकलाप प्रभावकारी रुपमा कार्यन्वयन गर्ने।

१२. कुनै खास विषयका अतिरिक्त देहायका विषयहरु सचिव बैठकको नियमित एजेन्डाको रुपमा तय गरी सबै सचिवहरुले तयारीका साथ सहभागी हुने व्यवस्था मिलाउने।

क. पूर्व बैठकका निर्णय र कार्यान्वयनको अवस्था।

ख. राजधानी व्यवस्थामा भएका प्रगति।

ग. बार्षिक विकास कार्यक्रमको प्रगति र महत्वपूर्ण उपलब्धिहरु।

घ. सुशासन र बेरुजु फछ्र्यौट सम्बन्धी।